# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, चैत ८ गते २०६३ साल (अतिरिक्ताङ्क ६४ (ग)

## भाग ३

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

### स्वप्न बगैंचा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६३

स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाएको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "स्वप्न बगैंचा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६ को दफा २ मा संशोधनः स्वप्न बगैंचा विकास समिति (गठन) आदेश, २०५६ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को,-

१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) सह-सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य"

२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

(ङ) कार्यकारी निर्देशक -सदस्य-सचिव"

४. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को,-

१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ।"

२) उपदफा (१) पछि देहायको उपदफा(१क)र(१ख)थपिएका छन्ः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका बहुमत सदस्यले समितिको बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(१ख) समितिको बैठक बस्न सूचना सहितको कार्यसूची सदस्य-सचिवले कम्तीमा दुई दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।"

५. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. कार्यकारी निर्देशक सम्बधी व्यवस्थाः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न समितिमा एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) समितिले व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त गरेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(३) कार्यकारी निर्देशकको पदवधि बढीमा चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले इमान्दारीपूर्वक काम नगरेमा वा निजमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्षमताको अभाव देखिएमा वा निजले समितिको हित विपरीत काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

(६) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।"

६. रूपान्तरः मूल आदेशको ठाउँ-ठाउँमा प्रयोग भएका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
बालानन्द पौडेल
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2527

मुद्रण विभाग, सिंहदरबार

३४९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।